☎ ९८५८०३८१७८ /९८५८०३८३७८

चामुण्डाविन्द्रासैनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश, नेपाल


पत्र संख्या २०७८/०७९( रोजगार सेवा केन्द्र)
च.नं.

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७८/१०/०३)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७८/०७९, च.नं. PMEP/ १४४, मिति २०७८/०८/२६ गतेको पत्रानुसार यस चामुण्डा विन्द्रासैनी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०७८-०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख) **अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ६ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा १ बर्षको अनुभव भएको ।

ग) **उमेर** :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** :- चामुण्डा विन्द्रासैनी नगरपालिकाको कार्यालय दैलेख ।

३. **दरखास्त दिने अन्तिम मिति** :- २०७८/१०/१७ गते कार्यालय समय भित्र ।

४. **आवेदनको दस्तुर** :- रु. ५००/- (पाँच सय रुपैया मात्र)

५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधा** :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

**नोट** :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी **www.pmep.gov.np** मा उपलब्ध छ ।

.............................................

तिलक वि.क.

नि. प्रमुख प्रशासकीय अधिकृत